अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	दान बहादुर के. सी र सुसिला पण्डित (मुद्दा नं. ०७९-CR-००९७) फैसला मिति २०८०।१२।१४	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।	• प्रतिवादी दान बहादुर के सी ले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.२,१०,१०,४८२।५१ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त बिगो जफत हुन माग दावी लिई आरोप पत्र दायर गरिएको देखिन्छ। • प्रतिवादी दान बहादुर के सीले आफ्नो श्रीमती प्रतिवादी सुसिला पण्डितको नाममा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ती राखेको देखिएको हुँदा निजको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोप पत्र दायर गरिएको ।	• प्रतिवादीको जाँच अवधिको व्यय रु.४,५४,७२,२७६/५९ र आय रु.४,६०,८६,५७५।५२ (चार करोड साठी लाख छयासी हजार पाँच सय पचहत्तर रुपैयाँ र बाउन्न पैसा) हुन आई प्रतिवादीको व्ययभन्दा आय नैं बढी हुन आएको अवस्था हुँदा प्रतिवादीलाई लगाइएको अभियोग दाबी पुष्टि हुन आएन। तसर्थ, निज प्रतिवादीहरुले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ।	**मुद्दाको संक्षिप्त तथ्यः-** रसुवा भन्सार कार्यालयका तत्कालीन भन्सार अधिकृत दान बहादुर के.सी.ले निज पदमा बहाल रहँदा श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज दान बहादुर के सी मिति २०४३।०४।०१ मा लेखापाल पदमा नियुक्ति भई विभिन्न कार्यालयमा कार्यरत रही भन्सार जाँचपास परिक्षण कार्यालय, काठमाडौंमा उपसचिव पदबाट मिति २०७८।०७।०९ मा अनिवार्य अवकास भएको सम्मको अवधिलाई अनुसन्धानको जाँच अवधि कायम गरी अनुसन्धान हुँदा जाँच अवधिमा स्रोत खुल्न आएको निजको वैध आय रु.३,५१,१६,०२०।२२ को अनुपातमा सोही अवधिमा निजले सिर्जना गरेका सम्पत्ति एवं खर्च तथा लगानीहरू रु.५,६१,२६,५०२।७३ खर्च तथा लगानी गरेको देखिँदा निजको आयभन्दा रु.२,१०,१०,४८२।५१ बराबरको सम्पत्ति गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी सुसिला पण्डितको नाममा समेत राखेको देखिएको हुँदा निजहरु उपर भ्रष्टाचार कसूरमा विशेष अदालत समक्ष मुद्दा दायर भएको देखिन्छ । • **विशेष अदालतबाट भएको फैसलामा यी प्रतिवादीको आय ब्ययको स्थितिको मूल्यांकन गर्दा आय तथा व्ययका निम्न आय ब्यय शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ :** • **प्रतिवादीको आय शिर्षक तर्फः** • **जग्गा बिक्रीबाट प्राप्त आयः** निज दान बहादुर के.सी.ले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात निजको श्रीमती सुसिला पाण्डितको नाममा खरिद गरी दर्ता कायम रहेको जि. काठमाण्डौ नगर ९ स्थित कि.नं. २१८ क्षेत्रफल ०-८-०-१ जग्गा मिति २०५८।१०।१७ गते शिव कुमारी बस्नेतलाई विक्रि गर्दा प्राप्त गरेको रकम रु. ५,१०,०००।-, निज दान ब. केसीको नाममा रहेको जि. ललितपुर ईमाडोल ८ स्थित कि.नं. २०७ क्षेत्रफल १२५.२१ ब.मि. भएको जग्गा टोपेन्द्र बुढाथोकीलाई मिति २०७३।०९।११ गते बिक्री गर्दा प्राप्त गरेको रकम रु.२७,००,०००।-र निजको श्रीमती सुसिला पण्डित नाममा रहेको जि. ललितपुर ईमाडोल ६ स्थित कि.नं. ३२४ को क्षेत्रफल ९५.४० ब.मि. जग्गा र सोमा बनेको घर समेत आशा देवी तेलीलाई मिति २०७४।०९।३० गते बिक्री गर्दा प्राप्त गरेको रकम रु.४०,३०,५००।- समेत गरी जम्मा रु.७२,४०,५००।-प्राप्त गरेको दाबी लिए तापनि निजको श्रीमती सुसिला पाण्डितको नाममा दर्ता कायम रहेको जि. काठमाण्डौ नगर ९ स्थित कि.नं. २१८ क्षेत्रफल ०-८-०-१ भएको जग्गा मिति २०५८।१०।१७ गते शिव कुमारी बस्नेतलाई रु.५,१०,०००।-बिक्री गर्दा उक्त जग्गा मिति २०५५।०४।२० मा खरिद गर्दा खर्च भएको रकमको ४४.१२% रकमको मात्र स्रोत पुगेको आयव्ययको प्रवाह विवरणको विश्लेषणबाट पुष्टि हुन आएकाले सोही बमोजिम उपरोक्त जग्गाहरू बिक्री वापतको निजको आय रु.६९,५५,५१२।-कायम गरी आरोप दावी गरिएकोमा फैसलामा समग्र जाँच अवधिका आधारमा भनि उपरोक्त जग्गाहरू बिक्री वापतको निजको कुल आय रु.८५,९५,२५०।-कायम गरेको देखिन्छ । निज प्रतिवादीले उक्त जग्गा खरिद गर्दाको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । "जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रूपमा जिकीर लिइन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने" (नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का ने.का.प, २०६९, अंक ५, नि.नं. ८८३२) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी जग्गा

					खरिदको मूल श्रोत नै अवैध थियो भन्ने पुष्टि भएको अवस्थामा निज प्रतिवादीको आयमा उक्त जग्गा विक्रिबाट प्राप्त सम्पूर्ण रकमलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उक्त नजिर सिद्दान्त समेतको प्रतिकूल भई त्रुटिपूर्ण छ । • **प्रोत्साहन भत्ताः** निज दान बहादुर के.सी.ले सार्वजनिक सेवामा कार्यरत रहँदा प्रोत्साहन भत्ता रकम रु.१४,५२,०००।- प्राप्त गरेको भनी आयोगमा पेस गरेको सम्पत्ति विवरण र बयानमा दाबी लिए तापनि भन्सार विभागको च.नं. २०८६ मिति २०७९।०३।१३ गतेको पत्रबाट प्राप्त विवरण अनुसार निजले जम्मा रु.२,८५,१८०।४३ प्रोत्साहन भत्ता प्राप्त गरेको भन्ने देखिएकोमा विना आधार फैसलामा उक्त शिर्षकमा रु.११,९०,३४५।०० कायम गरिएको त्रुटिपूर्ण छ। • **घर वहाल आयः** निज दान बहादुर के.सी.को श्रीमती सुसिला पण्डितको नाममा दर्ता कायम रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ३२ कोटेश्वर स्थित घरको भुई तला आर्थिक वर्ष ०६१/०६२ देखि ०७७/०७८ सम्म बहालमा दिई रु.१८,१८,०००।- आय प्राप्त गरेको भनि आयोगमा पेस गरेको सम्पत्ति विवरण एवं बयान समेतमा दाबी लिई विभिन्न मितिमा करदाता सेवा कार्यालय वानेश्वरमा एभरेष्ट बैङ्कको कर दाखिला भौचर अनुसार आयकर तिरेको प्रमाण कागजात समेत पेस गरेकोमा सो सम्बन्धमा संकलित हुन आएको प्रमाण कागजातहरू एवं आयव्यय प्रवाह विवरणहरूको तथ्यगत विश्लेषण समेतबाट उक्त घर वहाल रकम रु.२३,२७,५००।- प्राप्त गरेको देखिए तापनि उक्त घर निर्माण गर्दा र जग्गा खरिद गर्दा खर्च भएको कुल रकमको ७.८५% रकमको मात्र स्रोत पुगेको देखिएकोले सोही बमोजिम उपरोक्त घर बहाल बापतको निजको आय रु.१,८२,७०८।७५ मात्र कायम गरी आरोप दावी गरिएकोमा फैसलामा समग्र जाँच अवधिका आधारमा भनि उपरोक्त घर वहाल बापतको निजको कुल आय .२३,२७,५००।- कायम गरेको देखिन्छ । निज प्रतिवादीले उक्त जग्गा खरिद गर्दाको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । "सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानी सम्म गैरकानुनी आर्जन हुने" (नेपाल सरकार विरुद्ध उमेशकुमार रेग्मी समेत ने.का.प.२०७२,अंक १२, नि.नं. ९५०५) "जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रूपमा जिकीर लिइन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने" (नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का ने.का.प, २०६९, अंक ५, नि.नं. ८८३२) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी उक्त घर निर्माणको मूल श्रोत नै अवैध थियो भन्ने पुष्टि भएको अवस्थामा निज प्रतिवादीको आयमा उक्त घर वहालबाट प्राप्त सम्पूर्ण रकमलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उक्त नजिर सिद्दान्त समेतको प्रतिकूल भई त्रुटिपूर्ण छ । • **बिमा आयः** निज दान बहादुर के.सी.ले सेवामा रहँदा श्रीमती र छोराको नाममा मेट लाईफ ईन्स्यूरेन्समा गरेको जीवन बीमा रकम परिपक्व भई फिर्ता आएको भनि बयानमा दाबी लिएको देखिएको, मेट लाईफ ईन्स्यूरेन्स कम्पनीबाट प्राप्त पत्र विवरण अनुसार छोरा र निजको श्रीमती समेतले जीवन बीमा अवधि पुगे पछि रु.४,०४,२६३।- बीमा रकम फिर्ता भएको देखिएको जसमध्ये निजको श्रीमती सुसिला के.सीले मेट लाईफ इन्स्योरेन्स लि.बाट २०६०।०३।०१ गते जारी बीमालेख नं. २०६३६ मा १५ वर्षे जीवन बीमा गरेकोमा सो बीमा परिपक्व भई मिति २०७५।१०।०३ गते रकम रु.१,५२,२४६।२५ भुक्तान प्राप्त गरेको देखिए तापनि उक्त बीमा बापतको किस्ता भुक्तानी गर्दा तिरेको रकम रु. १,०९,४२५।- मध्ये रु. ६५,६५५।- अर्थात ६०% रकमको मात्र स्रोत पुगेकाले सोही प्रतिशतले हुने रकम रु.९१,३४७।७५ लाई मात्र आयमा गणना गरिएको र प्रजिन के.सीले मेटलाईफ इन्स्योरेन्स लि.बाट २०६०।०३।०१ गते जारी बीमालेख नं. २०६३७ मा १५

					वर्षे जीवन बीमा गरेकोमा सो बीमा परिपक्व भई मिति २०७५।१०।०३ गते रकम रु.१,५२,०१६।७५ भुक्तान प्राप्त गरेको देखिए तापनि उक्त बीमा वापतको किस्ता भुक्तानी गर्दा तिरेको रकम रु. १,०४,८३५।- मध्ये रु. ६२,९०१।- अर्थात ६०% रकमको मात्र स्रोत पुगेकोले सम्पत्ति खरिद गर्दा आधारभूत मूल्यको स्रोत पुष्टि नभएको लगानीलाई गैरकानुनी सम्पत्ति मान्ने र गैरकानूनी सम्पत्तिबाट आर्जन भएको वा बढेबढाएको सम्पत्तिलाई समेत गैरकानूनीमान्ने हुँदा स्रोत पुगेको लगानीको प्रतिशतले हुने रकम रु.९१,२०९।६० समेत गरी रु.१,८२,५५७।८० र निज दान बहादुर के.सी.को कोराना बिमा वापत प्राप्त रु.१,००,०००।- गरी जम्मा रकम रु.२,८२,५५७।८० बीमाबाट आर्जन भएको देखिएकाले सोही बमोजिम आरोप पत्रमा निजको आयमा गणना गरिएकोमा फैसलामा उक्त शिर्षकमा रु.४,०४,२६३।-निजको आयमा गणना गरिएको देखिन्छ । श्रोत नै पुष्टि नभएको गैरकानूनी आर्जनबाट बढे बढाएको सम्पत्ति पनि गैर कानूनी नै हुने भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर सिद्दान्त समेतका विपरित हुने गरी उक्त सम्पूर्ण विमा रकमलाई निज प्रतिवादीको आयमा गणना गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ । • **ब्याज वापत प्राप्त आयः**- यस शिर्षकमा फैसलामा जम्मा रू.१०,११,०६१।०० निजको आयमा गणना गरिएको देखिन्छ । आरोप पत्रमा निज प्रतिवादी दान बहादुर के सी को श्रोत खुलेको रकम सम्मको बैंक ब्याज वापतमा रु. ५,६०,८०८।- आयमा गणना गरिएको देखिन्छ । निजले सम्पूर्ण रकमको व्याज दावी गरेको भएतापनि निजले बैंकमा राखेको सम्पूर्ण रकमको मुलधन वैध थियो भन्ने पुष्टि गर्न सकेको देखिँदैन । "बैंकमा राखेको रकमको व्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने" (नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०) र "गैरकानूनी रु.पमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्धामा यो यस वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने" भनी नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२) सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्दान्त प्रतिपादन भएको समेतका आधारमा त्यस्ता रकम वैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा बैंक ब्याजलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्दान्त समेतको प्रतिकूल भई त्रुटिपूर्ण छ । • **प्रतिबादीको व्यय शिर्षक तर्फ-:** • **घर निर्माण खर्चः** निज दान बहादुर के.सी.ले सार्वजनिक सेवामा प्रवेश पश्चात निजको श्रीमती सुसिला पण्डितको नाममा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३२ कोटेश्वरमा ३ तले पक्की घर निर्माण गर्दा रु.१९,१०,०००।- खर्च भएको भनी बयानमा तथा सम्पत्ति विवरण फाराममा उल्लेख गरे तापनि सो घरको निर्माण लागत, घरमा जडित विद्युतीय उपकरणहरू एवं फर्निचर र घरको आन्तरिक सजावटसमेत समेत गरी जम्मा रु.४३,८९,५७०।५१ खर्च तथा लगानी गरेको आयोगबाट प्राप्त घर लागत मुल्याँङ्कन प्रतिवेदनमा उल्लेख भएकाले उक्त विज्ञका प्रतिवेदनको आधारमा घरमा जडित विद्युतीय उपकरणहरू, फर्निचर, आन्तरिक सजावटसमेत घर निर्माणमा रकम रु.४३,८९,५७०।५१ व्यय गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा जम्मा रु.२२,६३,२७५।८७ गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **शैक्षिक खर्चः** निज दान बहादुर के.सी.ले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराम तथा बयानमा निजको छोराछोरीहरूको शैक्षिक खर्च रु.२३,५५,०००।- रहेको भनी उल्लेख गरे तापनि अनुसन्धानको क्रममा संकलन हुन आएको सम्बन्धित शैक्षिक संस्थाहरूको विवरण कागजातहरूबाट

					अध्ययनमा रु.२४,७२,२७१।- व्यय गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा जम्मा रु.२२,६३,२७५।८७ गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **भ्रमण खर्चः** यी प्रतिवादी निज दान बहादुर के.सी.ले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात विभिन्न मितिमा विदेशमा भ्रमण गरी कुल रकम रु.२८,६६,०००।- खर्च गरेको भनि आयोगमा पेस गरेको सम्पत्ति विवरण र बयानमा समेत उल्लेख गरेको र अध्यागमन विभागको पत्र समेतको आधारमा उक्त शिर्षकमा रु.२८,६६,०००।- व्यय गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा जम्मा रु.२४,५५,०००।- गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **सापटी भुक्तानीः** निज प्रतिवादी दान बहादुर के.सी.ले गरेको बयान कागज तथा निजको भाइ अरुण के.सी.सँग गरिएको सोधपुछ कागज एवं दान बहादुर के.सी., निजकी श्रीमति सुसिला पण्डित र अरुण के.सी. समेतको बैङ्क स्टेटमेण्टको तथ्यगत अध्ययन विश्लेषणबाट निज दान बहादुर केसीले अरुण केसीलाई रु.२,८४,००,०००।-सापटी भुक्तानी गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा जम्मा रु. २,७२,००,०००।-गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **औषधी उपचार खर्चः** निज प्रतिवादी दान बहादुर के.सी.ले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात परिवारको औषधी उपचारमा खर्च रु.४६,५२,०००।-भएको उल्लेख गरेको र भाइ अरुण के.सी.ले सोधपुछ कागजमा समेत उपचार खर्चका लागि दाइलाई रकम सापटी दिएको उल्लेख गरेको समेतबाट उक्त शिर्षकमा रु.४६,५२,०००।-खर्च गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा खर्च गरेको भनि गणना गर्न मिलेन भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **जेठी छोरीलाई दिएको खर्चः** निज दान बहादुर के.सी.ले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात आफ्नो जेठी छोरी प्रतिमा के.सी.लाई विभिन्न मितिमा सम्पत्ति वापत रकम रु.२०,००,०००।-नगदै दिएको भनी बयानमा उल्लेख गरेको गरेको समेतबाट उक्त शिर्षकमा रु.२०,२०,०००।-खर्च गरेको पुष्टि हुन आएकोमा फैसलामा सो व्यय शिर्षकमा खर्च गरेको भनि गणना गर्न मिलेन भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा व्यय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । • **अतः** अतः माथि विवेचित प्रतिबादीको तलव भत्ता, घर जग्गा खरिद, घर निर्माण लागत, घर बहाल, बैंकको तथा वित्तिय संस्थाको ब्याज, विमा, ऋण सापटी, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट यी प्रतिवादी दान बहादुर के सी ले सार्वजनिक पद धारण गरेको उक्त सेवा अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रु.२,१०,१०,४८२।५१ वरावरको सम्पत्ति आफ्नो र एकासगोलकी पत्नी प्रतिवादी सुसिला पण्डितको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोलेप्रस्तुत फैसला उपरसर्वोच्च अदालतमा पुनरावेदन गरिएकोछ।